# स्थानीय राजपत्र

पिपरा गाउँपालिका द्वारा प्रकाशित

खण्ड :३ संख्या :२ मिति: २०७७/०९/०३

# भाग २

## पिपरा गाउँपालिकाको

## गाउँपालिका अध्यक्ष कन्यादान योजना संचालन कार्यविधि,२०७७

मूल्य रु १०

पिपरा गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ३ संख्याः २ मितिः २०७७/०९/०३

**भाग-२**

## पिपरा गाउँपालिकको

## गाउँपालिका अध्यक्ष कन्यादान योजना संचालन कार्यविधि,२०७७

**प्रस्तावनाः**

यस गाउँपालिका क्षेत्रभित्रका गरिब, विपन्न, असहाय विभिन्न लक्षित वर्ग लागयत समूहका त्यसमा रहेको दहेज प्रथा उन्मूलन गर्न सामूहिक विवाह लगायतका कार्यक्रमहरु संचालन गरी ती जनताको आर्थिक, सामाजिक रुपान्तरण गर्न एंव राष्ट्रिय जीवनको रुपमा प्रवाहीकरणमा ल्याउन वाञ्छनीय भएकोले स्थानिय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा ४ (२) बमोजिम

पिपरा गाउँ कार्यपालिकाको कार्यालयबाट **"गाउँपालिका अध्यक्ष कन्यादान योजना संचालन कार्यविधि, २०७७"** लागु गरिएको छ।

## परिच्छेद (१)

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **"गाउँपालिका अध्यक्ष कन्यादान योजना संचालन कार्यविधि, २०७७"** रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अन्य अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कन्यादान" भन्नाले समाजमा प्रचलनमा रहेका विभिन्न धार्मिक समूहमा हुने विवाहका विधि र प्रक्रियालाई सम्झनुपर्दछ।

(ख) "सामूहिक विवाह" भन्नाले यस गाउँपालिकाबाट तोकिएको मिति, समय र स्थानमा हुने सामूहिक विवाह कार्यक्रमलाई सम्झनुपर्दछ।

(ग) "संचालन समिति" भन्नाले दफा ६ बमोजिम गठित भएको समिति सम्झनुपर्दछ।

(घ) "प्रमाण पत्र" भन्नाले दफा ८(१) बमोजिम सामूहिक विवाहका कार्यक्रम मार्फत विवाहित दम्पतिलाई प्रदान हुने प्रमाण पत्र सम्झनुपर्दछ।

(ङ) "जारी गर्ने अधिकारी" भन्नाले दफा ८(६) बमोजिम सम्पन्न भएको विवाह को प्रमाण पत्र जारी गर्ने पदाधिकारी सम्झनुपर्दछ। सो कार्य गाउँपालिका अध्यक्षले गर्नेछ ।

(च) "सूचना" भन्नाले अनुसूची-१ मा उल्लेख भए बमोजिम जारी भएको सूचनालाई सम्झनुपर्दछ।

(छ) "उपहार" भन्नाले दफा ६ बमोजिम गठित संचालन समितिले निर्धारण गरेको विवाहित दम्पतिलाई प्रदान गर्ने उपहार सम्झनुपर्दछ।

३. **कार्यविधिका मुख्य उदेश्यहरुः** यस कार्यविधिको मुख्य उदेश्यहरु देहाय बमोजिम हुनेछन् ।

(क) गाउँपालिका क्षेत्रभित्रका आर्थिक, सामाजिक रुपले पछाडि परेका वर्ग, समुदाय को पहिचान गर्ने ।

(ख) कार्यक्रम संचालन हुने स्थान किटान गर्ने ।

(ग) समाजमा ब्याप्त रहेको दहेज प्रथालाई न्यूनीकरण गर्ने।

(घ) पहिचान भएका वर्ग, समुदाय का जनताको जीवनस्तरमा ल्याई गरिबि निवारण कालागि भावी रणनितिहरु तय गर्ने।

(ङ) कार्यक्रम संचालनमा पारदर्शिता तथा एकरुपता ल्याउने ।

## परिच्छेद (२)

## कार्यक्रम संचालन हुने क्षेत्र र बजेटको व्यवस्था

४. कार्यक्रम संचालन हुन लक्षित वर्गः न्युन आयस्तर भएका गरिव, विपन्न, असहाय परिवारका विवाह योग्य व्यक्तिहरुको लागि यो कार्यक्रम संचालन गरिनेछ। साथै अनाथ, टुहुरो, केटाकेटी समेत का लागि यो कार्यक्रम संचालन गरिनेछ।

५. बजेट व्यवसथापनः यस कर्यविधिको लक्ष्यलाई पूरा गर्नु चालु आ.व. २०७७/०७८ का निमित पिपरा गाउँपालिकाको पाँचौ गाउँसभाबाट रु ४० लाख विनियोजन गरिएको छ।

सो पश्चात आगामी आ.व. को लागि यस गाउँपालिकाको गाउँ सभाद्धारा बजेट व्यवस्थापन गर्न सकिनेछ।

## परिच्छेद (३)

# कार्यक्रम संचालन तथा व्यवस्थापन

६. **संचालन समिति गठनः** यस योजनालाई कार्यन्वयनमा लैजान एक संचालक समिति गाउँ कार्यपालिकाको बैठक बाट गठन हुनेछ जसमा देहाय बमोजिम पदाधिकारीहरु रहने छनः

| | |
|---|---|
| गाउँपालिका अध्यक्ष - | संयोजक |
| गाउँपालिका उपाध्यक्ष- | सदस्य |
| गाउँ कार्यपालिका बाट सदस्यहरु मध्ये १ जना सदस्यको प्रतिनिधित्व हुने गरी अध्यक्षले तोकेको ३ जना सदस्य | सदस्य |
| सामाजिक विकास शाखा प्रमूख | सदस्य |
| प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| लक्षित वर्गको हकहितका लागि गाउँपालिका क्षेत्रभित्र सक्रिय रहेको रहनेसंस्थाको प्रतिनिधि | सदस्य |
| स्थानिय सुरक्षा निकायका तर्फबाट प्रतिनिधि | सदस्य |

७. **संचालन समितिका काम, कर्तव्य र अधिकारः** संचालक समितिका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछनः

(क) यस कार्यक्रम सँग सम्बन्धित लक्षित वर्गको पहिचान गर्ने ।

(ख) सामूहिक विवाह कार्यक्रम को लागि उचित समय निर्धारण गरी सो को अनुसुची (१) को वर्गहरुको सार्वजनिक सूचना अनुसुची(१) बमोजिम सूचना जारी गर्न निर्णय गर्ने।

(ग) कन्यादान का प्रक्रियाका लागि पूर्व तयारी गर्ने/गर्न लगाउने।

(घ) नव विवाहित दम्पतिलाई प्रथम गरिने उपहार सम्बन्धी निर्णय गर्ने।

(ङ) खण्ड **(ख)** बमोजिम कार्यालयमा दर्ता भएका दरखास्त उपर जाँच बुझ गर्ने तथा सो पश्चात कन्यादान/विवाह कार्यक्रमको मिति,समय र स्थान तोक्ने।

(च) कन्यादान कार्यक्रम समपन्न भएपश्चात अनुसुची २ बमोजिमको प्रमाणपत्र प्रमाणपत्र जारी गर्ने अधिकारीले दस्तखत गरी विवाहित दम्पतिलाई प्रदान गर्ने । सो प्रयोजनको लागि संचालन समितिले निर्णय भएको हुनुपर्ने।

(छ) सामूहिक ववाहिक कार्यक्रम का लागि यस समितिले उपयुक्त ठह्याएका अन्य कार्यहरु गर्ने।

**८. योजना कार्यान्वयन तथा व्यवस्थापन प्रक्रियाः** यस योजनालाई देहाय बमोजिम कार्यान्वयन तथा व्यवस्थापन गरिनेछ।

(क) सभाबाट बजेट पारिच भएपश्चात गाउँकार्यपालिकाबाट संचालन समिति गठन गरिनेछ।

(ख) संचालक समितिले सामूहिक विवाह कार्यक्रमको १५ दिने सूचना प्रकाशन गर्ने निर्णय गर्नुपर्नेछ सो सुचना प्रमाणपत्र जारी गर्ने अधिकारीले गर्नेछ।

(ग) संचालक समितिले सूचना जारी भएपश्चात विवाहित दम्पतिलाई प्रदान गरिने उपहार ललोपवम सम्बन्धी निर्णय गर्नुपर्नेछ।

(घ) खण्ड (ख) बमोजिमको सूचना जारी गर्न एकपटकमा १० जोडी भन्दा बढी जोडीको सूचना प्रकाशन गरिनेछन।

(ङ) सूचनाको म्यादभित्र वायोलयमा दर्ता हुन आएका दरखास्तहरु उपर संचालक समितिले जाँचबुझ गरी विवाह योग्य जोडीहरुको नामवली अनुसुची ३ बमोजिम प्रकाशन गर्नुपर्नेछ।

(च) सामूहिक विवाह कार्यक्रममा सहभागी वर वधु दुवै पक्षका जन्तीका लागि २०-२० को संख्यामा खानको कुपन उपलब्ध गराइनेछ।

(छ) कन्यादान को कार्य गाउँपालिका अध्यक्षले गर्नुपर्नेछ।

(ज) यस कार्यक्रमलाई कार्यान्वयन गर्न आवश्यक सामग्रीहरुको खरिद लगायतको आर्थिक कारोवार प्रचलित नियम बमोजिम गर्नुपर्नेछ।

(झ) यस कार्यक्रमा सहजीकरण तथा समन्वयीकरणका लागि संचालक समितिले अन्य निकायको सहयोग लिन सक्नेछ।

९. **संशोधन गर्न अधिकारः** यस कार्यविधिमा केही संशोधन गर्नुपर्ने भए संचालक समितिले सिफारीसमा गाउँकार्यपालिकाले सो कार्य गर्नेछ।

## **अनुसूची १** (दफा ८ (ख) सँग सम्बन्धित)

गाउँपालिका अध्यक्ष कन्यादान योजना सम्बन्धी सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित मितिः ......../......../........

उपरोक्त सम्बन्धमा यस योजनाको संचालक समितिको मिति................. गतेको निर्णयानुसार मिति.......................... गते आयोजना हुने सामूहिक विवाह कार्यक्रममा सहभागी भई आ-आफ्नो धार्मिक परम्परा अनुसार वैवाहिक सम्बन्धमा कायम हुन इच्छुक पक्षहरुले यो सूचना प्रकाशन भएको मितिले ................दिन भित्र यस कार्यालयमा तपसिल बमोजिमको कागजात संलग्न राखी निवेदन पेश गर्नुहुन सम्बन्धित सवैकालागि यो सूचना जारी गरिएको छ।

### तपसिल

१. विवाह योग्य पक्ष वर/वधु को पासपोर्ट साईजको फोटो – २ प्रति

२. विवाह योग्य पक्ष वर/वधु को नागरीकताको प्रतिलिपि – १ प्रति

## अनुसूची २ (दफा ८(ग) संग सम्बन्धित

गाउँपालिका अध्यक्ष कन्यादान योजना मार्फत वैवाहिक सम्बन्ध कायम गर्न ईच्छुक पक्षहरुले कार्यालयमा पठाउने निवेदनको ढाँचा ।

श्रीमान संयोजक ज्यू
संचालक समिति
गाउँपालिका अध्यक्ष कन्यादान योजना
पिपरा गाउँपालिका

विषयः सहभागिता सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा ताहाँ कार्यालयबाट मिति.....................गर्ने प्रकाशित सूचना बमोजिम म निवेदक/निवेदिका ...........................ताहाँबाट मिति............. गते आयोजना हुने सामूहिक विवाह कार्यक्रममा सहभागी भई जि.................गा.पा./न.पा. ..................बस्ने वर्ष ..........को ...............संग वैवाहिक सम्बन्धम कायमा गर्न ईच्छुक रहेको हुँदा श्रीमान समक्ष यो निवेदन पेश गर्दछु।

निवेदकको नाम थरः
हजुरबुवाको नाम थरः
उमेरः
सहीः
अभिभावक/संरक्षकको नाम थर :
सही :

संलग्न कागजातहरु
-पासपोर्ट साईजको फोटो -२ प्रति
-नागरीकताको प्रतिलिपि-१
- जन्मदर्ता प्रमाणपत्र -१

## अनुसूची ३ (दफा ८(ङ) संग सम्बन्धित)

गाउँपालिका अध्यक्ष कन्यादान योजना,२०७७ मिति.................. गते आयोजना हुने सामूहिक विवाह कार्यक्रममा सामेल हुने विवाह योग्य पक्षहरुको सुची

| वर पक्ष | वधुपक्ष |
|---|---|
| १. | १. |
| २. | २. |
| ३. | ३. |
| ४. | ४. |
| ५. | ५. |
| ६. | ६. |
| ७. | ७. |
| ८. | ८. |
| ९. | ९. |
| १०. | १०. |

..........................

संयोजक

(संचालक समिति)

(गा.पा. क.यो.)

**अनुसूची ४ (दफा ७(च) संग सम्बन्धित )**

# गाउँपालिका अध्यक्ष कन्यादान योजना २०७७

## पिपरा महोत्तरी

## विवाह प्रमाणपत्र

| फोटो | फोटो |
|---|---|
| | |

...................जिल्ला .............गा.पा./न.पा................बास बस्ने ...........का नाती .........को छोरा वर्ष............की.....................तथा ................जि.................गा.पा./न.पा. ...........................वस्ने ...................की नातिनी ......................की छोरी वर्ष .................की ..........बीच यस योजना मार्फत आयोजित मिति.................गतेका सामूहिक विवाह कार्यक्रम बाट आज ..........................का मिति देखि **पति-पत्नि** को रुपमा एक अर्कालाई स्वीकार गरेकोले निजहरुलाई यो प्रमाणपत्र दिइएको छ।

वर वधु

सहि सहि

........................

संयोजक

संचालक समिति

गा.पा. क.यो.

**प्रमाणीकरण मिति :२०७७/०९/०१ गते**

**राजपत्रमा प्रकाशित मिति :२०७७/०९/०३ गते**

आज्ञाले ,

**सावन कुमार चौधरी**

प्रमुख प्रशासकीय अधिकृत